"एक बहुभाषिक पत्रिका"
# ग्रामीण
राष्ट्रिय साप्ताहिक

## सुचना पाउनु सबै नागरीकको अधिकार हो ।

☐ वर्ष २ ☐ अंक ५ २०८१ असार ०५ गते बुधवार Wednesday 19, June 2024 www.graminpatrika.com ☐ पृष्ठ ६, ☐ मूल्य रु.१०।-

## कटहरी गाउँपालिकाले आगमी आर्थिक वर्ष २०८१/०८२ को लागि ५० करोड ८२ लाख



ग्रामीण संवादाता
कटहरी

कटहरी गाउँपालिकाले आगमी आर्थिक वर्ष २०८१/०८२ को लागि ५० करोड ८२ लाखको बजेट ल्याएको छ । गाउँपालिकाकी उपाध्यक्ष सीतादेवी राजवंशीले दोस्रो अधिवेशनको पाँचौ गाउँसभामा बजेट प्रस्तुत गरेकी हुन । बजेट वक्तव्य कार्यक्रममा प्रशासनिक तथा संचालन खर्च ११ करोड ६८ लाख ८४ हजार र पूँजीगत ३८ करोड ३१ लख ९८ हजार बिनायोजन गरिएको छ।

आम्दानी आन्तरिक आय ५ करोड २० लाख, संघिय सरकारबाट समानिकरण अनुदान १२ करोड ८३ लाख , संघिय सरकारबाट सर्शत अनुदान १५ करोड ६४ लाख २० हजार, संघिय सरकारबाट राजश्व बाँडफाँड ९ करोड ७२ लाख, संघिय सरकार समपुरक अनुदान १ करोड ५० लाख, तराई मधेश समृद्ध कार्यक्रम अनुदान ९० लाख आम्दानी हुने अनुमान गरिएको छ। तेस्तै प्रदेश सरकार समानिकरण अनुदान ८० लाख ५३ हजार, प्रदेश सरकारबाट सर्शत अनुदान १ करोड ९१ लख ८८ हजार, प्रदेश सरकार राजश्व बाँडफाँड ४९ लाख २१ हजार र प्रदेश सरकार समपुरक अनुदान १ करोड रुपैयाँ आम्दानी हुने अनुमान गरिएको छ।

कटहरी गाउँपालिकाले पूर्वाधार विकासको क्षेत्रमा ८ करोड ४० लाख रुपैयाँ बजेट विनायोजन गरेको छ । यसैगरी सामाजिक विकासको क्षेत्रमा ४ करोड ८२ लाख ७५ हजार ८३०, संस्थागत विकास तथा सेवा प्रवाह र सुशासनको क्षेत्रमा १ करोड ७२ लाख ८५ हजार, आर्थिक क्षेत्रको विकास एवं उन्नतिका लागि १ करोड ८२ लाख रुपैयाँ बजेट विनीयोजन गरिएको छ । संस्कृति प्रवर्द्धनको लागि २२ लाख ७० हजार, खेलकुद तथा मनोञ्जनमा २४ लाख ५० हजार बजेट विनायोजन गरिएको छ । सर्वोत्कृष्ट कर्मचारीबाट सव इन्जिनियर खेमराज सुवेदी पुरस्कृत भएका छन।

कटहरी गाउँपालिकाका अध्यक्ष देवराज चौधरीले ७२ बुद्धे आगमी आर्थिक वर्षको नीति तथा कार्यक्रम बिहीबार दोस्रो अधिवेशनको पाँचौ गाउँसभामा प्रस्तुत गरेका हुन । उनले कृषी, स्वास्थ्य, शिक्षा र पूर्वाधारलाई मुख्य प्राथामिकतामा राखेर नीति तथा कार्यत्रम ल्याएको बताए । गाउँपालिकाले सबै बालविकास कक्षाहरुमा एलसीडि टिभी व्यवस्था गरी प्रविधिमैत्री शिक्षण शिक्षालाई अगाडी बढाउने भएको छ । गाउँपालिकाले आगमी आर्थिक वर्षमा १५ शैय्याको अस्पताल निमार्ण गर्ने भएको छ। १५ शैय्याको अस्पताल निमार्णको लागि न्यूनतम १५ कठ्ठा जग्गा निः शुल्क प्राप्त गर्ने प्रकृया सम्पन्न गरी संघीय सरकारसँगको सहकार्यमा अस्पताल निमार्ण गरिने अध्यक्ष चौधरीले बताए। कृषकहरुलाई पशुहरुको विरामीको अवस्था जाँच गरी जुकाको औषधी देखि एन्टीबायोटिक्स औषधीसम्म निःशुल्क वितरण गर्ने भएको छ।

## पूर्वाधार विकास कार्यालय
विराटनगर, मोरङ

### पूर्वाधार विकास कार्यालयको जनहितमा जारी सन्देश

- सडकमा घरपालुवा चौपायाहरू बेवारिसे अवस्थामा नछोडौं ।
- सडकको दायाँ–बायाँ रुख विरुवा रोपौं ।
- ढुङ्गा, बालुवा गिट्टी, रड इत्यादी निर्माण सामग्रीहरु सडकपेटीमा नथुपारौं ।
- घर बनाउँदा नेपाल सरकारको मापदण्ड अनुसार सडक छोडेर बनाऔं ।
- निर्माण सामग्री बोक्ने ट्याक्टर, टिपर, ट्रकहरूले माटो बालुवा, गिट्टी ढुवानी गर्दा सडकमा झार्दै ढुवानी नगरौं ।
- सडकको दायाँ बाँयामा क्षति हुनेकुनै पनि काम नगरौं ।
- सडकमा फोहोर मैला दुर्गन्धित हुने कुनै पनि वस्तु नफालौं ।
- सडक, बाटो तपाईं हाम्रो साझा सम्पत्ति हो त्यसैले संरक्षण गरौं ।
- सुरक्षित तथा भुकम्प प्रतिरोधी आवास निर्माण गरौं ।
- सडकको सुरक्षा नै सुरक्षित यात्रा सुनिस्चित गर्नु हो ।
- दिगो र बलियो भौतिक संरचनामा जोड दिऔं ।
- प्राविधीकको निगरानीमा भौतिक संरचना निर्माण गरौं ।
- दिगो सडक, पुल, पुलेसा, भवन निर्माण हाम्रो सरोकार जोखिम रहित पुर्वाधार सेवा प्राप्ती नागरीक अधिकार ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं ।
- विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।

## महिलासवके आत्मानिर्भर सीप मुलक तालिम सुरु



विध्यानन्द चौधरी
कानेपोखरी

मोरङके रंगेली ६ मे रहल गृह श्रमिक सृजनशिल महिला समाज नेपाल रंगेली नगरपालिका भित्र के महिलासवके आत्मानिर्भर बनाईले १५ दिन तालिम सुरु भेल छै । संस्थागत विकास या दिगोपन कहल कुल नारके साथ रंगेली स्थित पब्लिक उच्च माध्यमिक बिधालय मे एक कार्यक्रम के उद्धाटन कर्तै महिला सम दक्ष सीप मुलक तालिम सुरु करलछै । गृह श्रमिक सृजनशिल महिला समाज नेपाल या टेवा धापा खेल संस्थाके सहयोगमे १५ दिन संस्थागत विकास र दिगोपन के लागि तालिम सन्चाल भेल्छै।

उद्धाटन कार्यक्रम मे प्रमुख अथिति रंगेली नगरपालिका की उपमेयर भुमा पराजुली ,विशिष्ट अतिथि वार्ड नम्वर ६ वडा अध्यक्ष सुजित मण्डल ,रंगेली ईलाका प्रहरी कार्यालय के प्रहरी निरीक्षक सन्तोष खड्का , पब्लिक बिधालय के हेडसर अरविन कुमार साह, महिला समाज नेपाल का अध्यक्ष शान्ता श्रेष्ठ, सचिव लक्ष्मी राय,कोषाध्यक्ष कविता नेपाल, वडा सदस्य लगायत सवके सहभागीता रहल कार्यक्रम प्रशिक्षक गोपाल तामाङ बाँसके चोया तथा सिर आधुनिक सजावट के सामग्री निर्माण करैले सक्तै र महिला सीप सिकके उक्त सामाग्री बिक्री वितरण करतै । महिला सब आत्मानिर्भर के लेल बरका सहयोग हेतै ।उक्त पेशा बिगत ३० वछरसे काम गरेर घर परिवार पालनपोषण करैले असल समेत भ्प्रया छै ।शिक्षण गोपाल तामाङ बताएल्कै । मेजवान सम महिलाके लागि यस्तो कार्यक्रम आत्मा बल बडाईले सहज हेतै या घरैमे मात्रै सिमित नई भ्रयाके महिला सव पनि पुरुष सरह काम करैले सक्तै

ई असल कार्यक्रम के आयोजकके बहुत बहुत धन्यवाद देलकै ।

## अभावसँग जुध्दै अभिभावक गुमाएका तीन बालबालिका



सरिता कर्मकार
विराटनगर

विराटनगर/सानै उमेरमा आफ्ना बाबु र आमा दुबै जनालाई गुमाएर अभिभावकविहीन बनेका तीनजना बालबालिका हुर्काउने जिम्मेवारी ७० वर्षे हजुरआमा कमला सुडीको काँधमा आइपरेको छ।

आर्थिक अवस्था कमजोर भएकी कमलाको काँधमा अचानक तीन नातिनातिनी हुर्काउने जिम्मेवारी आइपरेपछि उनी सडकमा मागेर ती सन्तानको संरक्षण गर्न बाध्य बनेकी छन् । मोरङको धनपालथान गाउँपालिका ४ कर्सिया बजारमा बसेर नातीनातिनी हुर्काउँदै आइरहेकी कमलालाई ती बालबालिकाको बाबुआमा दुबै हुँदा खासै चिन्ता थिएन। बाबु सन्तोष अटो चलाउँथे । उनले कमाएको पैसाले घरपरिवार चलेकै थियो । बुहारी कमला साह पनि घर व्यवहारसँगै रोजीबनी गरेर केही कमाउँथिन् । त्यसले छोराछोरी पढाउन सहयोग पुगेको थियो। तर दुई वर्षअघि सन्तोषको मृत्यु भयो। छातीमा सामान्य समस्या भएर उपचारका लागि अस्पताल गएका सन्तोषको मृत्यु भएको ६ महिना पछि नै उनकी पत्नि कमलाको पनि मृत्यु भयो । त्यसपछि सबै अभिभावकविहीन बालबालिकाको जिम्मेबारी हजुरआमाको बाँधमा आइपर्यो ।बुबाआमाको काखमा रमाउँदै पढ्ने उमेरका बालबालिका यतिबेला चरम अभावकसँग जुधिरहेका छन् भने उनीहरुको पठनपाठन र भोक टार्नका लागि हजुरआमा बाटोमा बसेर माग्नु पर्ने बाध्यतामा पुगेकी छन्।

ती वृद्ध उमेरकी हजुरआमाले जसोतसो जोहो गरेर ल्याएको रकम र सामलबाट १५ वर्षे लक्ष्मी साह, १३ वर्षे अंजली साह र १० वर्षे भविष साहको हातमुख जोर्ने काम भइरहेको छ। दुःख गरेर भए पनि कमलाले नातिनातिनीलाई पढाउन भने छाडेकी छैनन् । उनले महिनाको दुई हजार रुपैयाँमा डेरा लिएर उनीहरुलाई पढाउँदै आएकी छन् । लक्ष्मी कक्षा १० मा अध्ययनरत छन्। यस्तै अंजली कक्षा ८ र भाइ भविष कक्षा ४ मा श्री सारदा माध्मिक विद्यालयमा अध्ययनरत छन्।

साना बालबालिकाहरुको अवस्था र उनीहरुलाई हुर्काउन वृद्ध हजुरआमाले गरेको दुःख देखेर स्थानीयले पनि सहयोग गर्दै आएका छन् । आर्थिक अवस्था निकै कमजोर हुँदा कमलाले चार महिनादेखि कोठा भाडा पनि तिर्न सकेकी छैनन्। 'मागेर ल्याएको पैसाले एकछाक मात्र खान पुग्छ,' कमलाले भनिन् 'पहिले यिनीहरुको जीवन बचाउन पर्यो भन्दा कोठा भाडा तिर्न सकेको छैन।'

कमला राम्ररी आँखा देख्दिनन् । वृद्ध उमेर हुँदै गएकाले उनको आँखा कमजोर भएको छ। बाबुआमा गुमाएको र पुर्ख्यौली सम्पत्ति केही नभएकोले उनीहरुको भविष्यले उनलाई सँधै पिरोल्छ । एउटा बस्ने छाप्रोमात्र भए केही गरेर खाने आधार बन्ने उनी बताउँछिन् ।कमलाको पछिल्लो अवस्था देखेर सकेको सहयोग गर्दै आएकी विमला पराजुलीले सहारा नभएका यस्ता बालबालिका र जेष्ठ नागरिकप्रति स्थानीय सरकारले सहयोग गर्नुपर्ने बताइन् । उनले यी बालबालिकाको भविष्यका लागि पनि सबैले सहयोग गर्नुपर्ने भन्दै मिडियाको सहयोग पनि आवश्यक रहेको बताइन्।

बालबालिकाहरुको अवस्थाका बारेमा जानकारी पाएपछि गाउँपालिकाकी उपाध्यक्ष नसिमा बानाले उनीहरुको कोठाभाडा आफूले तिरिदिन तयार रहेको बताइन् । उनले भनिन् 'म उहाँहरुको कोठा भाडा तिर्न तयार छु र उनीहरुका लागि बस्ने घर बनाउन दातृसंस्थाहरुसँत तत्कालै प्रस्ताव गर्नेछु ।' उनले केही दिन जग्गादाता खोजी गर्ने नपाएमा ऐलानी जग्गामै भए पनि घर बनाएर बासको व्यवस्था मिलाउने आश्वासन दिइन्।

## डिभिजन वन कार्यालय, मोरङको
### अत्यन्तै जरूरी सूचना

यस वर्षाको सुख्खा मौसमको सुरुवात भइसकेको छ । वनलाई डढेलोबाट जोगाउन सम्बन्धित सबै सरोकारवाला, सर्वसाधारणमा निम्नानुसारका सावधानी अपनाउनु हुन अनुरोध छ ।

१) कृपया सलाई, लाइटर जस्ता आगो उत्पन्न गर्ने वस्तुहरु वन क्षेत्रमा जथाभावी प्रयोग नगरौं ।
२) वन क्षेत्र नजिक आगो नबालौं, आगो बालेको भए निभाएर मात्र छाडौं ।
३) वनमा डढेलो लागेको थाहा पाउनासाथ नजिकका वन कार्यालय, प्रहरी, स्थानीय तह तथा वन उपभोक्ता समूहहलाई सूचना दिऔं ।
४) डढेलो लागेको थाहा पाएमा आवश्यक सहयोग जुटाई नियन्त्रण गरौं ।
५) वन डढेलो लगाउने व्यक्तिहरुलाई पहिचन गरी कानुनी दण्ड सजाय गराउने कार्यमा सहयोग गरौं ।

### डिभिजन वन कार्यालय, मोरङ
सम्पर्क : ९८५२०२६६१४, ९८५२०८१११०

"एक बहुभाषिक पत्रिका" ग्रामीण राष्ट्रिय साप्ताहिक
मो.जि.प्र.का. दर्ता नं. २८० हु. नि. विराटनगर आ.व. २०८०/०८१/०२

# उत्कृष्ट कस्ट्युम डिजाइनर-बैजन्त राजवंशी

**ग्रामीण संवाददाता**
**झापा**



झापा लक्ष्मीपुरमा नमस्ते टेलरिङ हाउसका संचालक बैजन्त कुमार सिंह राजवंशीलाई धेरैले टेलरिङ व्यवसायीको रुपमा चिन्छन् । तर, त्यतिमा मात्र उनको परिचय सीमित छैन, उनले उत्कृष्ट कस्ट्युम डिजाइनरको ख्याति समेत कमाएका छन् । भर्खरै सम्पन्न छैटौं अन्तर्राष्ट्रिय सांस्कृतिक, पर्यटन तथा चलचित्र महोत्सवमा राजवंशीले उत्कृष्ट कस्ट्युम डिजाइनरको अवार्ड हात पारेका छन्। भारतका दुईजना डिजाइनरलाई पछि पार्दै कचनकवल गाउँपालिका १ घेरावारी स्थायी घर भएका राजवंशीले सो अवार्ड हात पारेका हुन्।

नेपालमा पहिलो पटक छैटौं संस्करणको अन्तर्राष्ट्रिय राजवंशी साँस्कृतिक, पर्यटन तथा चलचित्र महोत्सव सम्पन्न भएको हो । भारतका विभिन्न स्थानमा विगत ५ वर्षदेखि अन्तर्राष्ट्रिय राजवंशी साँस्कृतिक, पर्यटन तथा चलचित्र महोत्सव हुँदै आएकोमा यसवर्ष झापाको कन्काई नगरपालिका ९ घैलाडुब्बामा महोत्सव गरिएको थियो । महोत्सवमा उत्कृष्ट कस्ट्युम डिजाइनरको प्रतिस्पर्धामा राजवंशीसहित तीनजनाको गीत नोमिनेसन भएको थियो । भारतका प्रदीप राय र हिमु रायलाई पछि पार्दै राजवंशीले 'तुई जेइदिना मोरसे दूर होलो ' नामक गीतमा गरेको कस्ट्युम डिजाइन नै उत्कृष्ट बन्यो । कार्यक्रमका प्रमुख अतिथि राजवंशी डेभलपमेन्ट एण्ड कल्चरल बोर्डका अध्यक्ष बंशीबदन बर्मनले राजवंशीलाई अवार्ड तथा सम्मान प्रदान गरेका थिए ।

विगत १५ वर्षदेखि टेलरिङ व्यवसाय गर्दै आएका राजवंशीले कलाकार विल्सन विक्रम राई , गायक बलबहादुर राजवंशी , मन्जु राजवंशीलगायतको ड्रेस डिजाइन गरेका थिए । त्यस्तै राजनीतिकर्मीहरु बसन्त बानिया ,केशव ओझा , नवराज भट्टराईलगायतको लुगा तयार गरेको राजवंशीले सुनाए ।

कचनकवल १ घेराबारी स्थायी घर भई बुबा घागरलाल सिंह राजवंशी र आमा पुलसरी राजवंशीको चार छोरा र एक छोरीमध्ये माइला छोरा बैजन्तको जन्म २०४२ साल साउन २८ गते भएको थियो । घरको आर्थिक अवस्था कमजोर भएका कारण उनले पढाइलाई निरन्तरता दिन सकेनन् । पढाइ छोडेपछि बुबाकै सल्लाहमा उनले सिलाई कटाई सिक्ने भए । गाउँकै टेलर्समा उनले सिक्न थाले । दुई- तीन महिना गर्दै जाँदा अलिक फराकिलो ठाउँमा काम गर्ने इच्छा राख्दै उनी बिर्तामोड आए । चार- पाँच वर्षको अन्तरालमा बिर्तामोडको धेरै दोकान र फ्याक्ट्रीमा उनले कामको अनुभव बटुले । आफ्नै व्यवसाय खोल्ने सोच राखेपनि पर्याप्त पैसा नहुँदा उनले त्यतिबेला व्यवसाय खोल्न सकेनन् । आफ्ना मामाहरूको सहयोगमा उनी दिल्ली हानिए ।

दिल्लीमै कस्ट्युम डिजाइनको सीप सिकेका हुन् । २०६५ सालतिर भारतको दिल्ली गएर उनले त्यहाँको दिल्ली एनसीआर भन्ने ठाउँको एसपीएल इन्डस्ट्रीज कम्पनीमा प्रोडक्सन डिपार्टमेन्टमा काम सुरु गरे। त्यहाँको अनुभवबारे उनी भन्छन् ,' त्यहाँ प्रोडक्सन डिपार्टमा काम गर्दै जाँदा केही वर्षपछि स्याम्पलिङ डिपार्टमेन्टमा काम गर्ने मौका पाएँ। स्याम्पलिङ डिजाइनमा हरेक खालको डिजाइनहरू डिजाइनिङ गर्नुपर्ने वा आफूले इम्याजिन गरेर नयाँ पहिरन तयार गर्नुपर्ने त्यो काम मैले सोचेकै जस्तै थियो । त्यो समय मैले पैसा मात्रै नभएर ज्ञान लिन जति सके, अनुभव बटुले धेरै कुराहरु सोध्दै सिक्दै मलाई भविष्यमा काम लाग्छ भनेर भित्री मनले नै हरेक पोइन्टहरु बुझ्न थालेँ ।'

अब आफ्नै फेसन डिजाइनिङको काम सञ्चालन निधो गरेर नेपाल फर्केका उनले बिर्तामोडको शनिश्चरे रोडमा न्यु दिल्ली ट्रेलर्स सञ्चालनमा ल्याए । त्यहाँ राम्रो व्यापार गरेपछि २०७७ साउन १६ गतेदेखि शाखाको रूपमा लक्ष्मीपुरमा नमस्ते टेलरिङ हाउस सर्टिङ एण्ड सुटिङ सञ्चालनमा ल्याएका हुन् । फेसन डिजाइनमा राजवंशी समुदायमै उत्कृष्ट भएका राजवंशीले आफ्नो सीप र कलालाई अझ निखार्दै जाने बताए ।

उत्कृष्ट डिजाइन गरेकै कारण उनको टेलर्स धेरैको रोजाइमा पर्ने गरेको छ । ब्रान्डेड सर्टिङ सुटिङका कपडा बिक्री गर्नुका साथै स्कूलका पोशाक ,विवाहका कपडालगायत जेन्स र लेडीजका सम्पूर्ण पोशाक उनले तयार गर्ने गरेका छन् । महोत्सवमा उत्कृष्ट कस्ट्युम डिजाइनरसंगै राजवंशी समुदायमा लोकप्रिय र चर्चित उत्कृष्ट फिल्म, निर्माता, निर्देशक, कलाकारलगायतलाई अवार्ड प्रदान तथा सम्मान गरिएको थियो ।

# हटखोलाको बस पार्क अव्यवस्थित अवस्थामा

**सरीता कर्मकार**
**विराटनगर**

विराटनगर -८ हाटखोला स्थित रहेको पुर्व बसपार्क लामो समय देखि दयनिय अवस्थामा रहेको छ ।

२०५२ सालमा कटहरी गाँउपालिका निवासी बद्रि कोईरालाको निजि जग्गा भाडामा लिएर संचालन गरिएको यस बस पार्क अव्यवस्थित भएको कारण बस चालक तथा बसमा यात्रा गर्नेहरुलाई निकै कठिनाई खेप्नु परेको छ । पानी परेपछि त्यस स्थानमा पानी जम्ने , हिलो हुने भएकोले गर्दा बस कुदाउन समेत निकै कठिन भएको बस चालकहरु बताउछन् ।

बिगत १० वर्ष देखि बस कुदाउदै आईरहेका सर्वन कुमार कामत बस पार्कको अवस्था देखेर बस कुदाउन निकै कठिन हुने गरेको बताउछन् । उनि भन्छन् ,'मलाई पानी परेको बेला बस कुदाउन समेत डर लाग्छ , पार्क भित्र धुलो धेरै हुने कहिले हिलो हुने भएकोले गर्दा बस पल्टिन्छ भन्ने डर लाग्ने गर्छ । 'यसका साथै बाटोको अवस्था पनि निकै खराब भएको कारण अब बस चलाउने कामलाई छाडेर बैदेशिक रोजगारको लागि विदेशीन लागेको उनले बताए । त्यसै गरि केरन निवासी बस चालक बासु राम चौधरी भन्छन् ,'बस पार्क साथै सडकको अवस्था धराप भएकोले गर्दा हामी सबारी चालकलाई निकै गाह्रो ह'ने गरेको छ । त्यस माथी सिटी चालकको बस पार्क वरिपरी भिड भाड धेरै हुने भएकोले गर्दा यात्रीहरुलाई पनी बस चढ्न अफ्ठियारो हुने गरेको छ। 'बस राख्ने स्थानमा पानी परेको बेला त्याहाँ भएका खाल्डाहरुमा पानी जम्ने , हिलो हुने भएकोले गर्दा दुर्घटनाको जोखिम निकै हुने भएको र बसलाई पार्क भित्र राख्न र निकाल्न पनि कठिन हुने गरेको उनले बताए । बस पार्क मात्र नभई पुर्व जाने बाटो समेत धरापमा रहेकोले जोखिम मोलेर बस कुदाउनु पर्ने अवस्था छ ।

बस पार्कलाई लामो समय देखि संचालन गर्दै आईरहेका प्रकाश कार्की भन्छन्, 'हामीले यस जग्गालाई भाडामा लिएर पुर्वी भेग जाने मासिनहरुलाई सेवा पुर्याउदै आईरहेका छौं तर पानी परेको बेलामा यहाँको पार्क भित्र पानी जम्ने , हिलो हुने भएकोले गर्दा निकै समस्यामा परेको छ । हामीले महानगर संग पटक पटक यस पार्कलाई केहि व्यवस्थित गर्न अनुरोध गर्दा पनि व्यक्तिगत जग्गा भएको कारण यसमा लगानी गर्न नमिलो उनले बताए । उनि भन्छन् , यस बस पार्क भित्र पटक पटक गिटिहालेता पनी पानी जाने नाली नभएको कारण डुवान पर्ने गर्दछ । विराटनगरमाको बिभिन्न स्थानहरुमा पाकिङ हटाएर प्राइबेट स्थानहरुमा पार्किङ क्षेत्र बनाईएको छ हामीले याहाँ बाट यात्रा गर्ने यात्रीहरुलाई सेवा पुर्याउने काम गर्दै आईरहेका छौं तर केहि साथ सहयोग महानगर संग पाए यसलाई अझै राम्रो ढङ्ले व्यवस्थित हुन सक्ने उनले बताए । यस बस पार्क बाट अहिले ४९ वटा बसहरु आमबारी , अमरदह , कानेपोखरी , भाउन्ने , विराटचोक सम्म गुड्ने गरेका छ ।

# वाइ सि एलले गरे स्वास्थ्य सिविर

**आयुष राजवंशी**
**कटहरी**



वाइ सि एल कटहरीले स्वास्थय सिविर सन्चालन गरिएको छ । नेपाल कटहरी गाउँपालिका कमिटी र सिफा पोलिक्लिक एण्ड ढाइग्नोस्टीक सेन्टर प्रा.लि विराटनगरको संयुक्त आयोजनामा आज विहान ७ बजे कटहरीको मख्य बजारमा स्वास्थ्य सिविर सन्चालन गरिएका हुन ।

उक्त स्वास्थ्य सिविर विहान ७ बजेदेखि ११ बजेसम्म सन्चालन भएको सिविरमा ६० जना भन्दा बढि स्वास्थ्य लाभ लिएको पालिका कमिटी अध्यक्ष निराजन रायले बताए ।

स्वास्थ शिविरमा थ्क्री नेपालका केन्द्रीय सदस्य तथा वाई सिएल मोरङ ईन्चार्ज दिपक आलेमगर । अध्यक्ष योगेन निङ्लेकु, सचिव मोहम्मद रेहान, वाईसिएल जिल्ला सदस्य तथा माओवादीकमे कटहरी ३ वडाध्यक्ष दिपेश कामत, वाईसिएल जिल्ला सदस्य अवधेश राय, कटहरी अध्यक्ष निराजन राय, सचिव शेक कविर अलिका साथै वाईसपएल कटहरी गाउँ कमिटीका सदस्यहरूको उपस्थिति थियो ।

शिविरलाई स्थानीय समाजसेवी सीता साह र अम्बिका साहले सहयोग गरेका थिए । मधेश आन्दोलनका क्रममा सहिद भएका निर्मल राजवंशी र राजकुमार कामतको शालिकमा माल्यार्पण गरेर शिविर सुरू भएको थियो ।


## कचनकबल गाउँपालिका

**कोशी प्रदेश, झापा द्वारा**

**जनहितमा जारी सन्देश**

- स्वास्थ्य रहौं र निरोगी बनाऔं र समय समयमा मेडिकल चेकप गरौं ।
- सामग्री बिक्री वितरण गर्दा बिल अनिवार्य लिऔं र सचेत नागरीकको परिचय दिऔं ।
- गाउँ, सहर र बजारको आ-आफ्नो घर वरिपरि सरसफाइमा ध्यान दिऔं र अरुलाई पनी भनौं ।
- व्यापारी कलकारखाना, उद्योगी सबै नियमित कर तिरौं ।
- बालबालिकाहरुलाई परमपरागत संस्कृती पहिचान र संस्कार जस्ता व्यवहारीक ज्ञान दिऔं ।
- आ-आफ्नो जातजातीले भाषा, पोशाक, भेषभुसा कला संस्कृति बचाऔं ।
- बिजुली तथा नेपाल सरकारको सम्पुर्ण कर नियमित तिरौं ।
- जथाभावी फोहोर नफालौं । सलाई, लाइटर बाट बालबालिका टाडा राखौँ ।
- नियमित बालबालिकाहरुलाई विद्यालय पठाउँ तथा घर गृहस्ती जस्ता कुराहरुको व्यवहारीक ज्ञान दियौं ।
- घर, सुपरमार्केट, सामुदायीक भवन निमाण गर्दा अनिर्वाय इन्जिनियर तथा सम्बन्धीत निकाय संग स्वीकृती लिई बनाऔं ।

## गौरदह गाउँपालिका

**कोशी प्रदेश, झापा द्वारा**

**जनहितमा जारी सन्देश**

- स्वास्थ्य रहौं र निरोगी बनाऔं र समय समयमा मेडिकल चेकप गरौं ।
- सामग्री बिक्री वितरण गर्दा बिल अनिवार्य लिऔं र सचेत नागरीकको परिचय दिऔं ।
- गाउँ, सहर र बजारको आ-आफ्नो घर वरिपरि सरसफाइमा ध्यान दिऔं र अरुलाई पनी भनौं ।
- व्यापारी कलकारखाना, उद्योगी सबै नियमित कर तिरौं ।
- बालबालिकाहरुलाई परमपरागत संस्कृती पहिचान र संस्कार जस्ता व्यवहारीक ज्ञान दिऔं ।
- आ-आफ्नो जातजातीले भाषा, पोशाक, भेषभुसा कला संस्कृति बचाऔं ।
- बिजुली तथा नेपाल सरकारको सम्पुर्ण कर नियमित तिरौं ।
- जथाभावी फोहोर नफालौं । सलाई, लाइटर बाट बालबालिका टाडा राखौँ ।
- नियमित बालबालिकाहरुलाई विद्यालय पठाउँ तथा घर गृहस्ती जस्ता कुराहरुको व्यवहारीक ज्ञान दियौं ।
- घर, सुपरमार्केट, सामुदायीक भवन निमाण गर्दा अनिर्वाय इन्जिनियर तथा सम्बन्धीत निकाय संग स्वीकृती लिई बनाऔं ।

## हरिनगर गाउँपालिका

**कोशी प्रदेश, सुनसरी द्वारा**

**जनहितमा जारी सन्देश**

- स्वास्थ्य रहौं र निरोगी बनाऔं र समय समयमा मेडिकल चेकप गरौं ।
- सामग्री बिक्री वितरण गर्दा बिल अनिवार्य लिऔं र सचेत नागरीकको परिचय दिऔं ।
- गाउँ, सहर र बजारको आ-आफ्नो घर वरिपरि सरसफाइमा ध्यान दिऔं र अरुलाई पनी भनौं ।
- व्यापारी कलकारखाना, उद्योगी सबै नियमित कर तिरौं ।
- बालबालिकाहरुलाई परमपरागत संस्कृती पहिचान र संस्कार जस्ता व्यवहारीक ज्ञान दिऔं ।
- आ-आफ्नो जातजातीले भाषा, पोशाक, भेषभुसा कला संस्कृति बचाऔं ।
- बिजुली तथा नेपाल सरकारको सम्पुर्ण कर नियमित तिरौं ।
- जथाभावी फोहोर नफालौं । सलाई, लाइटर बाट बालबालिका टाडा राखौँ ।
- नियमित बालबालिकाहरुलाई विद्यालय पठाउँ तथा घर गृहस्ती जस्ता कुराहरुको व्यवहारीक ज्ञान दियौं ।
- घर, सुपरमार्केट, सामुदायीक भवन निमाण गर्दा अनिर्वाय इन्जिनियर तथा सम्बन्धीत निकाय संग स्वीकृती लिई बनाऔं ।

## कोशी गाउँपालिका

**कोशी प्रदेश, सुनसरी द्वारा**

**जनहितमा जारी सन्देश**

- स्वास्थ्य रहौं र निरोगी बनाऔं र समय समयमा मेडिकल चेकप गरौं ।
- सामग्री बिक्री वितरण गर्दा बिल अनिवार्य लिऔं र सचेत नागरीकको परिचय दिऔं ।
- गाउँ, सहर र बजारको आ-आफ्नो घर वरिपरि सरसफाइमा ध्यान दिऔं र अरुलाई पनी भनौं ।
- व्यापारी कलकारखाना, उद्योगी सबै नियमित कर तिरौं ।
- बालबालिकाहरुलाई परमपरागत संस्कृती पहिचान र संस्कार जस्ता व्यवहारीक ज्ञान दिऔं ।
- आ-आफ्नो जातजातीले भाषा, पोशाक, भेषभुसा कला संस्कृति बचाऔं ।
- बिजुली तथा नेपाल सरकारको सम्पुर्ण कर नियमित तिरौं ।
- जथाभावी फोहोर नफालौं । सलाई, लाइटर बाट बालबालिका टाडा राखौँ ।
- नियमित बालबालिकाहरुलाई विद्यालय पठाउँ तथा घर गृहस्ती जस्ता कुराहरुको व्यवहारीक ज्ञान दियौं ।
- घर, सुपरमार्केट, सामुदायीक भवन निमाण गर्दा अनिर्वाय इन्जिनियर तथा सम्बन्धीत निकाय संग स्वीकृती लिई बनाऔं ।


"एक बहुभाषिक पत्रिका" ग्रामीण राष्ट्रिय साप्ताहिक

**सम्पादक तथा प्रकाशक:** संजय राजवंशी, **कार्यालय प्रमुख :** मोहन राजवंशी
**संवादाता :** सरिता कर्मकार, **सल्लाहकार :** श्यामसुन्दर सुतिहार, **कार्यालय:** विराटनगर-७,
**मुद्रक:** कविता प्रिन्टर्स **सम्पर्क नं. :** ९८२७०७२१५०, ९८१७३२०५५०
**इमेल:** grameenpatrika@gmail.com, Web: www.graminpatrika.com

"एक बहुभाषिक पत्रिका"
ग्रामीण
राष्ट्रिय साप्ताहिक
मो.जि.प्र.का. दर्ता नं. २८० हु. नि. विराटनगर आ.व. २०८०/०८१/०२

# सम्पादकीय

## हाम्रो टिम ग्रामिण राष्ट्रिय साप्ताहिक

यस ग्रामीण राष्ट्रिय साप्ताहिक पत्रिका एक बहुभाषिक पत्रिका हो । कोशी प्रदेशको राजधानी विराटनगर वाट सन्चालन भएको ग्रामिण राष्ट्रिय साप्ताहिक पत्रिका द्धरा सन्चालित अनलाइन डिजिटल पत्रिका "ग्रमिण राष्ट्रिय पत्रिका" **www.graminpatrika.com** मार्फत देशभरी विभिन्न जातजातिको भाषामा समाचार प्रकाशन तथा प्रशारण गर्ने उदेश्यले यस पत्रिकाको जन्म भएको हो।

नेपालको दुर दराजमा बसोवास गर्दै आएका नेपाली समाज तथा नेपाली जनतालाइ अहिलेसम्म पनि सुचनाको हक के हो भन्ने विषय थाहा नभएको अवस्था पनि छ । यहि उदेश्यले सबै जातजातिको भाषामा समाचार उत्पादन गरी समाजमा न्याँपन केहि दिन सकिन्छ भन्ने हाम्रो बुझाइ रहेको छ।

जिल्ला प्रशासन कार्यालय मोरङ्ग मिति २०८० चैत्र १ गते दर्ता भइ आज वाट डिजिटल अनलाइन माध्यम वाट पनि सन्चालन भएको छ । नेपालको मेचि देखि माहाकाली सम्म छरिएर बसोवास गरीरहेका बहुसंख्यक नेपाली समाज र जनतालाइ एकिकृत गर्ने उदेश्यले यस पत्रिकाको मुख्य उदेश्य हो । नेपालमा आदिवासी , जनजाति , मधेसी , मुस्लिम तथा अन्य पछाडि पारिएका वर्ग समुदायलाइ समेटि समावेश गरी समाजमा रहेका भ्रष्टचार, अनियमितता तथा कु-संस्कृति विरुद्ध आवाज समाचार माध्यम वाट व्यवस्था सुधार गर्ने र विभिन्न जातिगत कला संस्कृति , भाषा , भेषभुषा , परम्परागत संस्कार जगेर्ना गर्ने उदेश्य यस पत्रिकाको मुख्य उदेश्य हो।

ग्रामिण राष्ट्रिय साप्ताहिक पत्रिका द्धरा सन्चालित यस अनलाइन पत्रिकामा हाम्रो टिममा सम्पादक तथा प्रकाशक संजय कुमार राजवंशी, व्यवस्थापक मोहन राजवंशी रहेका छन भन्ने सहयोगी साथीहरु सरीता कर्मकार विराटनगर, सुमन राजवंशी कटहरी, राजेश कुमार सरदार थारु ग्रामथान, विध्यान्नद चौधरी कानेपोखरी, शुषिल कुमार राजवंशी जहदा, कमला चौधरी सुनसरी, आत्माराम राजवंशी झापा, अनजना राजवंशी झापा, शिब राजवंशी विराटनगर, निलेश कुमार शर्मा विराटनगर, मिलन थापा मगर विराटनगर, अनिल राजवंशी विराटनगर, चन्दन रौनियार दुहबी सुनसरी , आयूष राजवंशी कटहरी रहेको छ।

# कृषिमा कोशी प्रदेश सरकारको लगानी

ब्रह्मदेव यादव, विराटनगर

**कृषिको वर्तमान अवस्था**



कुनै बेला नेपाललाई कृषि प्रधान देश भन्ने गरिन्थ्यो । त्यसमा पनि पूर्वी तराईको झापा , मोरङ र सुनसरी जिल्लात उर्वरा भूमिमै परिचित थियो । नगदेबाली र तरकारी खेतीका लागि प्रख्यात यहाँका खेतीयोग्य जमिनले देशको अर्थतन्त्रमा ठूलो टेवा मात्र पुर्याएको थिएन कि कृषकहरूको जीवन स्तरमै परिवर्तन ल्याएको महसुस भैरहेको थियो । बर्षौ सम्म बाझो हुने यहाँका खेतीयोग्य जमिनबाट उत्पादनमा हस आँउदै गएपछि भारत तथा तेस्रो मुलुकबाट खाद्यान्न आयात गर्नुपर्ने बाध्यता अहिले पनि विद्यमान अवस्थामै छ।

यो अवस्थाको अन्त्यको लागि कृषि क्षेत्रको प्रर्वद्धन तथा संरक्षण गर्न प्रदेश सरकारले चालू आर्थिक वर्षमा केही महत्वकाङ्क्षी कार्यक्रम ल्याएको छ । बाझो खेतीहरुलाई अधिकतम उपयोग गर्ने भू नीति र उत्पादन र उत्पादकत्व वृद्धि गर्न किसान केन्द्रित कार्यक्रम संचालन गरेको छ ।कोशी प्रदेश सरकारले आर्थिक वर्ष २०८०/०८१ मा १ अर्ब ७० करोड ८५ लाख ९ हजार रुपैयाँ खर्च गरेर किसानलाई राहत उपलब्ध गराउने कोशिश गरेको देखिन्छ।

विनियोजन गरिएको कुल रकमको ६० प्रतिशत कृषि क्षेत्रको विकास र प्रर्वद्धनका लागि उपयोग गरिरहेको छ ।मौसम अनुसार उत्पादन हुने यस प्रदेशका कृषिजन्य उत्पादनहरूलाई व्यवसायीक गर्दै किसानहरूलाई आकर्षित गर्ने प्रसस्त कार्यक्रम ल्याएको छ । फलस्वरुप हाइब्रिड मकै खेती विस्तार कार्यक्रमले यस प्रदेशका किसानहरूमा उत्साह थपेको छ। किसानहरुले अहिले मकै खेतीलाई नगदेबालीका रुपमा उत्पादन गरिरहेको छन। न प्रदेशका प्राय सबै जिल्लामा मकै खेती हुने गरेको छ ।कृषि क्षेत्रलाई व्यवसायिकरण गर्ने ध्येय राखी प्रदेश सरकारले चालू आर्थिक वर्षमा सार्वजनिक गरेको कार्यक्रमले यहाँका किसानहरू थप हौसिएका छन ।

**प्रदेश सरकारले विभिन्न क्षेत्रमा गरेको लगानी**

सरकारी संरक्षणको अभावले किसानहरूले खेतीयोग्य जमिन बाझै राख्ने प्रवृत्ति बढ्दै गएपछि प्रदेशको कृषि क्षेत्रको विकासको लागि प्रदेश सरकारले विभिन्न आकर्षक कार्यक्रम ल्याएको छ। मौसम अनुसारको खेती गर्न किसानहरूलाई सँधै खड्कँदै जाने बिउ बिजनलाई प्रदेश सरकारले कार्यक्रम सार्वजनिक गरेर आकर्षित गर्ने प्रयास गरेको छ । जसले गर्दा कृषि क्षेत्रमा क्रमश परिवर्तनको संकेत देखापर्दै गएको छ।

बिउमा आत्मनिर्भर कार्यक्रम तथा बिउ उत्पादन प्रोत्साहन कार्यक्रम, मध्य पहाडी तथा पहाडी क्षेत्रमा मकै उत्पादकत्व प्रवर्द्धन कार्यक्रम, रैथाने बाली उत्पादन कार्यक्रम, चक्लाबन्दी खेती कार्यक्रम, कस्टम ह्यारिङ केन्द्र, स्थापना कार्यक्रम, बिउ भण्डार गृह तथा पूर्वाधार निर्माण कार्यक्रम, खाद्यान्न गोदाम घर निर्माण कार्यक्रम, खाद्यान्न ड्रायर निर्माण कार्यक्रम, व्यवसायीक पशुपालन पूर्वाधार र यान्त्रिकरण प्रवर्द्धन कार्यक्रम, पशु नश्ल सुधार कार्यक्रम, पशु स्वास्थ्य खोप कार्यक्रम, साइलेस उत्पादन प्रवर्द्धन तथा घाँस विकास कार्यक्रम, याक, चौरी, भेडा लगायतका विशिष्ट पशुहरूको संरक्षण कार्यक्रम, युवा लक्षित पशुपन्छी पालन कार्यक्रम, मत्स्यपालनका लागि क्षेत्र विस्तार तथा पुराना पोखरी सुदृढीकरण कार्यक्रम, मत्स्यपालन यान्त्रिकिकरण कार्यक्रम, समूह सहकारीको सहकार्यमा व्यवसायीक पशुपालन, बृहत्तर पकेट तथा ब्लक विकास कार्यक्रम, दूध उत्पादनका आधारमा अनुदान कार्यक्रम, भेटेनरी नियगमन कार्यक्रम, कृषि बजार, पशुपन्छी बजार, बधस्थल स्थापना तथा सुधार कार्यक्रम, बाली तथा पशुपन्छी जन्य उत्पादन भण्डारणका लागि कोल्ड स्टोर र कोल्ड रुप स्थापना कार्यक्रम सञ्चालनका लागि लगानी गरेका छन्। जुन कार्यक्रम सञ्चालन भई रहेकोले यो कार्यक्रम बाट प्रदेशभरिका लाखौं किसान लाभान्वित भएका छन्।

कोशी प्रदेश सरकारको उद्योग, कृषि तथा सहकारी मन्त्रालयले आर्थिक वर्ष २०७५/०७६ देखि आर्थिक वर्ष २०७९/०८० सम्म अर्थात विगत ५ वर्षमा ७ अर्ब ८७ करोड ९८ लाख रुपैयाँ कृषि क्षेत्रमा लगानी गरिसकेको छ। जुन रकम मध्येबाट ४ अर्ब ७३ करोड रुपैयाँ कृषि उद्यमीहरूमा प्रत्यक्ष लगानी गरिएको हो। विगत ५ वर्षयता सरकारले कृषि क्षेत्रमा खर्च गरेको कुल बजेटको ६० प्रतिशत कृषि उद्यमीहरूमा र बाँकी ४० प्रतिशत कर्मचारीको व्यवस्थापनमा खर्च भएको तथ्याङ्क मन्त्रालयको अभिलेखमा उल्लेख गरिएको छ ।प्रदेश सरकारको यो लगानीले कृषि क्षेत्रमा आकर्षण मात्र बढेको छैन कि किसानको आयस्तरमा समेत वृद्धि हुँदै गएको छ । काशी प्रदेश सरकारका उद्योग कृषि तथा सहकारी मन्त्रालयका महाशाखा प्रमुख पशुपति पोखरेलले कृषिमा प्रदेश सरकारको लगानीले किसानको आयस्तर माथि उठेको बताए।

सरकारी लगानीका कारण सुनसरी, मोरङ र झापा, तरकारीको उत्पादन बढेको पोखरेलको भनाइ छ । यो कार्यक्रमबाट व्यवसायीक माछा पालन गर्दै आएका सुनसरी, मोरङ र झापाका किसानहरूलाई थप राहत मिलेको छ । तर भारतीय बजारबाट आउने माछाको मूल्यसँग प्रतिस्पर्धा गर्न नसक्दा यहाँका किसानहरूमा थप चुनौती भने यथावत छ। माछा उत्पादनका लागि कृषि क्षेत्रको विस्तार भएको तथा माछा बिक्री गर्ने समयमा भारतीय माछा नेपाल भित्रिंदा नेपाली माछा किसानले लागतको अनुपातमा बिक्री मूल्य नपाउँदा सोचे अनुसार किसानको आयस्तर माथि उठ्न नसकेको उद्योग कृषि तथा सहकारी मन्त्रालयका महाशाखा प्रमुख पशुपति पोखरेलले बताए । यद्यपी माछा उत्पादक किसानले पोखरीको उचित व्यवस्थापन गर्न नसकेको, समय तालिका अनुसार माछाको लागि आवश्यक खानेकुरा उपलब्ध गराउन नसक्दा सोचे अनुसार माछा उत्पादन हुन नसकिरहेको पोखरेलको बुझाइ छ।

हाल तराईका प्रति हेक्टर जमिनमा ५ देखि ६ टनसम्म माछा उत्पादन हुन्छ । तर सुनसरी, मोरङ र झापाका किसानले सरकारी उत्पादनको लक्ष्य अनुसार माछा उत्पादन गर्न नसक्दा प्राप्त गर्नुपर्ने पर्याप्त आम्दानीबाट टाढा रहनु परेको पोखरेलले बताए । दूध उत्पादन र प्रशोधनमा कोशी प्रदेशको अवस्था राम्रो छ ।दूध उत्पादनमा कोशी प्रदेश आत्मनिर्भर छ । प्रत्येक दिन इलामबाट १९ हजार लिटर दूध बाहिरको जिल्लामा बिक्रीका लागि पुगिरहेका छन्। इलामका किसानले दूध बिक्री गरेर प्रत्येक दिन ८ लाख ५५ हजार रुपैयाँ आम्दानी गरिरहेको सरकारी तथ्याङ्कले उल्लेख गरेको छ। कोशी प्रदेशमा बाखा पालनको अवस्था राम्रो छ । कोशी प्रदेशमा उत्पादन भई रहेको बाखा बिक्रीका लागि नेपालको अन्य जिल्लामा पुग्ने गरेका छन्।

बंगुर पालनमा कोशी प्रदेशको अवस्था राम्रो थियो । तर पछिल्लो समय व्यवसायीक रुपमा बंगुर पालन हुन छोडेको छ । र बंगुर पालन गर्ने किसानको अवस्था धराशायी बनेको छ । केही वर्ष अगाडि अफ्रिकन स्वाइन फिगर रोगको कारण कोशी प्रदेशमा व्यवसायीक रुपमा पालन गर्ने गरेको बंगुर मर्यो । बंगुरमा लाग्ने स्वाइन फिगर रोगको खोप अहिलेसम्म बनेको छैन। र खोप नबनेसम्म बंगुरको व्यवसायीक खेती सम्भव छैन, महाशाखा प्रमुख पोखरेलले भने।

कोशी प्रदेशको पहाडी र मध्य पहाडी क्षेत्रमा फलफूल र अलैंची खेतीको अवस्था राम्रो छ । र किसानले लागतको अनुपातमा सोचेभन्दा बढि आम्दानी गरी रहेको पोखरेलको बुझाई छ।

**कृषिमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको लगानी**

संघीय सरकारले प्रदेश सरकार र स्थानीय तह सरकारसँग सहकार्य गरेर कृषि क्षेत्रमा लगानी गरिरहेको छ । संघीय सरकार मातहत रहेको प्रधानमन्त्री कृषि, आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन इकाई मोरङका कार्यालय प्रमुख मनोजकुमार यादवका अनुसार परियोजनाले समग्र कोशी प्रदेशको कृषि विकासका लागि आर्थिक वर्ष २०७३/०७४ देखि २०८०/०८१ सम्ममा ३ अर्ब ४ करोड ९४ लाख रुपैयाँ बजेट बिनियोजन गरिएकोमा आर्थिक वर्ष २०८०/०८१ को तेस्रो त्रैमासिक अर्थात २०८० चैत महिनासम्ममा २ अर्ब २० करोड १३ लाख रुपैयाँ खर्च भएको बताए।

परियोजनाले आर्थिक वर्ष २०८०/०८१ मा सुनसरी र मोरङमा ९ करोड १८ लाख रुपैयाँ विनियोजन गरेर कृषि क्षेत्रको विकासका लागि खर्च गरी रहेका छन्। परियोजनाले कोशी प्रदेशको प्रत्येक जिल्लामा प्राथमिकता प्राप्त बालीहरूको व्यवसायीक उत्पादन, प्रशोधन, भण्डारण र बजारीकरणको क्षेत्रमा काम गरी रहेको छ । परियोजनाले कृषि यान्त्रिकरणको माध्यमबाट उत्पादन लागत घटाई आम्दानी बढाउने, चक्लाबन्दी खेती, मूल्य अभिवृद्धि, उद्योग सँग समन्वय गरेर कृषि क्षेत्रमा आश्रित किसानको आम्दानी बढाउने कार्यक्रममा लागि परेका छन् । परियोजना अन्तर्गत कोशी प्रदेशमा १७ वटा जोन र १ सुपर जोन सञ्चालनमा रहेका छन्।

कोशी प्रदेश भरी १६ वटा ब्लक र १ सय १४ वटा पकेट क्षेत्र सञ्चालनमा रहेका छन् । सुनसरी मोरङ र झापा धान उत्पादनमा आत्मनिर्भर बनेका छन् । देशको धान उत्पादन ३.८ प्रतिशत औसत रहेका छन् । तर सुनसरी मोरङ र झापामा ५.२९ प्रतिशत धान उत्पादनको औसत रहेका छन् । कोशी प्रदेशमा धान, मकै, सुन्तला, तरकारी, माछा, अलैंचीको उत्पादन उत्साह जनक रहेको छ।

दूध उत्पादनमा इलाम सबै भन्दा अगाडि रहेका छन्। र दूध उत्पादनबाट इलामका किसानले राम्रो आम्दानी गरी रहेका छन् ।झापाको गौरादह नगरपालिकामा स्वदेशी रामपुर हाइब्रिड-१० जातको मकैमा औषध घोगा १ फिटको लामो हुने गरेका छन्। र एउटै मकैको बोटमा २ देखि ३ वटासम्म घोगा लाग्ने गरेको छ । परियोजनाले ५२ हजार ३१ जनालाई ज्यालादारी रुपमा रोजगारी उपलब्ध गराउने वातावरण तयार पारेका छन्। २७ हजार ४ सय ३० जनालाई आंशिक रोजगारी र ४ हजार ८ सय ३१ जनालाई स्थायी रोजगारीको अवस्था सृजना गरेको परियोजनाले जनाएको छ । २ हजार ९ सय ६७ जनजाति, २ हजार २ सय १६ अन्य, ६ सय ६७ दलित र ३ हजार २ सय युवा गरी ७ हजार ३८ जनाले प्रदेशमा रोजगारी पाएका छन्।

जसमध्ये ३ हजार ८ सय १७ पुरुष र ३ हजार २ सय २१ जना महिला रहेका छन् । पछिल्लो समय निजी क्षेत्रले कृषि क्षेत्रको विकासका लागि काम गरी रहेका छन् । कृषि क्षेत्रको विकासका लागि तीन तहकै सरकारको प्लेट फर्ममा खुलेआम वकालत गरी रहेको नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेश समितिका अध्यक्ष राजेन्द्र राउतले लागतको तुलनामा आम्दानी नहुँदा किसान कृषि पेसाबाट टाढिने क्रम जारी रहेको बताए ।कोशी प्रदेश सरकार अन्तर्गत कृषि ज्ञान केन्द्र मोरङले आर्थिक वर्ष २०८०/०८१ का लागि २ करोड ५६ लाख रुपैयाँ विनियोजन गरेर कृषि क्षेत्रको विकासका लागि काम गरिरहेका छन् । कार्यालयले विनियोजन गरेको रकमबाट २ करोड २७ लाख रुपैयाँ (कृषि अनुदान) कृषि क्षेत्रको विकासका लागि खर्च गरी रहेको छन्।

जसमा संघीय सरकारको केही अनुदान रकम रहेका छन्। कृषि ज्ञान केन्द्र मोरङका कार्यालय प्रमुख रामदेव सिंहले समग्र मोरङ जिल्लाको कृषि क्षेत्रको विकासलाई अगाडि बढाउने गरी काम भई रहेको बताए । कार्यालयले कृषि क्षेत्रको विकासका लागि व्यवसायिक फलफूल बगैंचा स्थापना सहयोग कार्यक्रम, मुख्य राजमार्ग लक्षित तरकारी उत्पादन कार्यक्रम, कफी खेती विस्तार कार्यक्रम, अलैंचीको नयाँ क्षेत्र विस्तार कार्यक्रम, चैते धान विशेष सहयोग कार्यक्रम, गडयौली मल उत्पादन तथा प्राङ्गारिक मल सुधार कार्यक्रम, महिला दलित विपन्न तथा पिछडिएको समुदाय लक्षित कार्यक्रम, युवा लक्षित च्याउ, मह, तरकारी उत्पादन कार्यक्रम, मागमा आधारित कार्यक्रम, हाईब्रिड मकै खेती विस्तार कार्यक्रम, रैथाने बाली प्रवर्द्धन कार्यक्रम, जुट खेती प्रवर्द्धन कार्यक्रम, कृषिमा नयाँ ब्लक विकास कार्यक्रम सञ्चालन भई रहेको बताए।

